अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्वन्धित)

# श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ०४, राजापुर, वर्दिया

प.स.

च.नं.

मिति: २०८२/०९/०९

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

लट नं. ०१-२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८२।०९।०९

श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/०९ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय वर्दियाबाट बोलपत्र** खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस सरस्वती सामुदायिक वन उपभोक्ता समुहको कार्यालय राजापुर न.पा. वडा नं. ०४, राजापुर, वर्दिया र डिभिजन वन कार्यालय वर्दियामा सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरण:-

| लट नं | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | सिमल | २३ | N | ९००.६२ | १.८८ | १५० | ४००० | | | |
| | मसला | १ | N | ३.२४ | ०.०२ | १०० | ४००० | | | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | भेलोर | ६१ | N | ३८९.७५ | १.०४ | १०० | ४००० | | | |
| | गम | ३ | N | १०.८५ | ०.०६ | १०० | ४००० | | | |
| | जम्मा | ८८ | | १३०४.४६ | ३.०३ | | | | | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिंति:२०८२।०९।३० (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको नेपाल बैंक लि. राजापुर शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ०२८००१०११४३८२०००००01 खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. १०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र सरस्वती सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह

राजापुर न.पा. ०४, राजापुर, बर्दिया

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०९।३० गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिवृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष

# प्रहरी अस्पतालका एसएसपी गिरीविरुद्ध भ्रष्टाचार मुद्दा

■ सौर्य समाचार

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल प्रहरी अस्पताल, महाराजगन्जमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लालबाबु गिरीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ । आयोगले उनीविरुद्ध मंगलबार विशेष अदालतमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्र दायर गरेको हो । गिरीले पेस गरेको बिहार स्कुल एक्जामिनेसन बोर्ड पटनाबाट एसएलसीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको पाइएपछि भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता



गणेशबहादुर अधिकारीद्वारा जारी विज्ञप्तिमा दाबी छ ।

'सोही शैक्षिक योग्यताको प्रयोग गरी गिरीले २०५० सालमा त्रिभुवन विश्वविद्यालयबाट पिसिएल इन नर्सिङ २०६३ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट पोस्ट बेसिक ब्याचलर इन नर्सिङको योग्यता प्राप्त गरेका थिए,' विज्ञप्तिमा उल्लेख छ, 'ती शैक्षिक योग्यताको प्रमाणपत्रहरू पेस गरी उनले २०५२ पुस १६ मा नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक (प्राविधिक) पदमा सुरु नियुक्ति लिएको पाइएको छ ।'

तिनै झुट्टा नक्कली शैक्षिक योग्यताका प्रमाणपत्र पेस गरी हालको एसएसपी पदमासमेत बढुवा लिएको साथै विभिन्न तालिम र सुविधा लिएको भन्दै उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# वाणिज्य विभागले गर्‍यो ३ होटललाई जरिमाना

■ सौर्य समाचार

काठमाडौं । नियमित रूपमा पछिल्ला दिनमा बजार अनुगमन गरी स्वच्छता कायम गराउन अग्रसर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ३ वटा फर्मलाई नगद जरिमानासहित कारबाही गरेको छ । विभागले उपलब्ध गराएको विवरणअनुसार होटल ब्लिस्फुल प्रालि कोटेश्वर काठमाडौंलाई ५० हजार, गोल्मादेवी भोजनालय एन्ड लजलाई ५ हजार र चडेश्वरी नेवारी खाजा घर कोटेश्वरलाई ५ हजार जरिमाना गरेको छ । ती फर्मलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारबाही गरिएको हो ।

यस्तै, विभागले अन्य ११ फर्मको




स्थलगत अनुगमन तथा निरीक्षण गरेर सुधारात्मक निर्देशन दिएको छ । विभागले कालोबजारी नियन्त्रण, अखाद्य वस्तुको बिक्री वितरणमा रोक लगाउने र कानुन कार्यान्वयन गराउने उद्देश्यका साथ नियमित रूपमा बजार अनुगमन गरिरहेको स्पष्ट पारेको छ ।

# अपांगता भएका व्यक्ति नसमेटिएको अध्यादेश सच्याउन माग

■ सौर्य समाचार

काठमाडौं । ४ राजनीतिक दलका भ्रातृ संगठनले निर्वाचनसम्बन्धी अध्यादेशमा अपांगता भएका व्यक्तिहरू नसमेटिएको भन्दै सच्याउन माग गरेका छन् । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का भ्रातृ संगठनहरूले उक्त अध्यादेश संविधानको भावना विपरीत भएको भन्दै तत्काल सच्याउन माग गरेका हुन् । राष्ट्रिय लोकतान्त्रिक अपांग संघका अध्यक्ष माधवप्रसाद चम्लागाईं, राष्ट्रिय अपांगता संगठन नेपालका अध्यक्ष जगदीशप्रसाद अधिकारी, अपांगता संगठन नेपालका अध्यक्ष टिकाराम पराजुली र राष्ट्रिय प्रजातान्त्रिक अपांग संगठनका अध्यक्ष भरतमणी धड्ले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै उक्त माग गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'हाल देश प्रतिनिधिसभा निर्वाचनको तयारीमा रहेको सन्दर्भमा नेपाल सरकारले अध्यादेशमार्फत प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को अनुसूचि-१ संशोधन गरी समानुपातिक उम्मेदवारको बन्द सूचीका लागि समावेशीताको आधारमा (क्लस्टर) पुनःनिर्धारण गरेको विषयप्रति हामी अपांगता भएका व्यक्तिहरूका संघ-संस्थाहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।'

उक्त संशोधनमार्फत नेपालको कुल जनसंख्याको करिब २.२ प्रतिशत हिस्सा ओगट्ने अपांगता भएका व्यक्तिहरूलाई समानुपातिक प्रतिनिधित्वको स्पष्ट र अनिवार्य व्यवस्थाबाट बाहिर गरिएको भन्दै ४ ओटा संगठनले विरोध जनाउँदै भनेका छन्, 'अपांगता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकारबाट नै वञ्चित गर्ने यस किसिमको अध्यादेश हामीलाई स्वीकार्य छैन ।'

# दिक्तेलमा रहेको भानुभक्तको सालिक पुनर्निर्माण

■ सौर्य समाचार

खोटाङ । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको सालिक पुनःनिर्माणको काम सुरु गरिएको छ । दिक्तेल बजारको भानुचोकमा रहेको सो सालिक लामो समयदेखि जीर्ण तथा अव्यवस्थित अवस्थामा रहेको थियो । कोसी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले दिक्तेल बजारको समग्र सौन्दर्यकरणका लागि १ करोड रुपैयाँ बजेट उपलब्ध गराएपछि ठेक्का प्रक्रियामार्फत भानुभक्तको सालिक पुनर्निर्माणसँगै बजार क्षेत्रका विभिन्न स्थानमा पूर्वाधार विकासका काम सुरु गरिएको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिए । भानुभक्तको सालिक जीर्ण अवस्थामा पुगेकाले संरक्षण आवश्यक देखिएपछि हाल रहेको स्थानभन्दा केही पर सारेर आधुनिक ढंगले पुनर्निर्माणको काम सुरु गरिएको उनले बताए । सालिक वरपरका खाली ठाउँमा टायल जडान, रङरोगन, प्रकाश व्यवस्थापन, बगैंचा निर्माण, चोकको सांकेतिक चिह्न राख्ने तथा आदिकवि भानुभक्तका कविताका केही हरफ समावेश गरी सौन्दर्यकरण गरिने जनाइएको छ । यसका लागि स्थानीय टोल विकास संस्था तथा स्थानीयवासीसँग प्रत्यक्ष छलफल गरी सहमतिका आधारमा पुनर्निर्माणको काम अघि बढाइएको बताइएको छ ।

पछिल्लो समय संघीय अनुदान कटौती हुने अवस्था रहेकाले समयमै बोलपत्र प्रक्रिया अघि नबढाए बजेट फ्रिज हुने जोखिम रहेकाले निर्माण तत्काल सुरु गर्न सबै सरोकारवाला निकायसँग समन्वय गर्न नसकिएको उनको भनाइ छ । भानुचोकमा भानुभक्तको सालिक पुनर्निर्माणका लागि कार्यालयले गत २ कात्तिकमा बोलपत्र आह्वान गरेको जनाइएको छ । सालिकसहित बजार सौन्दर्यकरणका लागि कार्यालयले १ करोड रुपैयाँको ठेक्का आह्वान गरे पनि सुदेवी कन्स्ट्रक्सन प्रालि हलेसीले ८१ लाख ९ हजार २२९ रुपैयाँमा सम्झौता गरेर निर्माणको काम सुरु गरेको कार्यालयले जनाएको छ । साथै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ भित्रका केही सडक निर्माणका कामसमेत अघि बढाइने कार्यालयले जनाएको छ ।

## अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

वारेस दिने देविभक्त गौतमको नाति कृष्णप्रसाद गौतमको छोरा, काभ्रेपलान्चोक जिल्ला साबिक पोखरी चौरी-५ भै हाल परिवर्तित चौरीदेउराली गा.पा. वडा नं. ५ बस्ने वर्ष ९९ को सुम्न गौतम (ना.प्र.नं ३०-०१-६९-०६११७ जारी मिति २०६५।०६।१ जि.प्र.का.काभ्रेपलान्चोक) को नाममा मालपोत कार्यालय, चाबहीलमा एकलौटी दर्ता श्रेस्ता रहेको काठमाडौं जिल्ला साबिक चुनिखेल गा.वि.स. वडा नं ४ ख हाल बुढानिलकण्ठ न.पा.वडा नं १२ को सिट नं ४ ख कि.नं ५६६ को क्षे.फ. ०-३-०-० (तीन आना) ९५.२७ वर्ग मीटर जग्गाको अधिकृत वारेस लिने मेरी एकाघरको श्रीमती कृष्ण बहादुर खत्रीको छोरी सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा.वडा नं १४ बस्ने वर्ष २५ की विपना खत्री (ना.प्र.नं २४-०१-७४-०५२३२ जारी मिति २०७३।०७।२० जि.प्र.का सिन्धुपाल्चोक ) लाई मिति २०८१।१२।१४ मा अधिकृत वारेसनामा गरिदिएकोमा उक्त अधिकृत वारेसनामा आजैको मितिबाट बदर हुनेगरी यो सार्वजनिक सूचना जारी गर्दछु ।

## काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

पहिलो पटक प्रकाशन मिति २०८२/०९/०९

यस सरस्वती सामुदायिक वन उपभोक्ता समुह राजापुर न. पा. ०४, राजापुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातिको काठ १३०४.४६ घ.फि. र दाउरा [illegible] चट्टा अनुमानित लागत बमोजिम प्रति ईकाई दररेटमा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ । पूर्ण जानकारीको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समुह,**
राजापुर न.पा. ०४ ,राजापुर, बर्दिया ।
मो.नं. ९८६८९०६५५५

## काठ लिलाम बिक्री सम्वन्धी सूचना

(सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०९/०९)

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आव २०८१/८२ मा संकलन गरि साबडसको कम्पाउण्डमा थाटगर्दी भएको साल,असना,अ.सिमी,हल्दु,जामुन जातको गोलिया काठ १९६ थानको २१३०५ क्युफि काठलाई बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति,संघ संस्था,फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एककाईस) दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरि २२ (बाईसौं) दिन दिनको १:०० बजेभित्र साबडसको कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि साबडसको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

अध्यक्ष
**श्री शिवपार्वती सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी न.पा-०९,कैलाली

## PARIBARTAN RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
Putalachaur-5, Rolpa

### Invitation for Bids

Date of publication: Dec. 24, 2025 (2082/09/09)

1. Paribartan Rural Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of Projects as mentioned below under National Competitive Electronic Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Paribartan Rural Municipality, Rolpa, Email:-paribartanrmun@gmail.com, Phone no.:- 9857849002, 9857838510.

Details of the Contract

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security (NRs.) | Bid Document Price NRs. | Address |
|---|---|---|---|---|---|---|
| 1 | PRM/W/NCB/ 13/2082-083 | Shree Jeebanjyoti Pra. Vi. Kopedhara Bhaban Nirman | 2922123.97 | 74000.00 | 3000.00 | Ward no. 2 |
| 2 | PRM/W/NCB/ 14/2082-083 | Rakulichaur Tesro Ghumti Hudai Maibang Rural Road Rehibilitation | 2175118.88 | 55000.00 | 3000.00 | Ward no. 6 |
| 3 | PRM/W/SQ/ 3/2082-083 | Janapriya Bal Shiksha Pra. Vi. Thanekot Adhuro Bhaban Nirman | 1442669.92 | 37000.00 | 1000.00 | Ward no. 6 |
| 4 | PRM/W/SQ/ 4/2082-083 | Haibang Damake Khola Tatbandhan | 873005.95 | 22000.00 | 1000.00 | Ward no. 3 |

Chief Administrative Officer

## Pokhara Metropolitan City
## Office of Municipal Executive
Newroad, Pokhara

### Invitation for Bids

IFB No: 14/PMC/082-83

First Date of publication: 2082/09/09(24 December 2025)

Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids for NCB Contracts under e-procurement system from eligible bidders for the execution of projects mentioned below;

| SN No. | IFB No. | Description and location of work | Estimated Amount with PS and Without VAT | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | 14.1/PMC/082-83 | Procurement and Supply of Desktop and Printer for Health Section, PMC (Contract ID: 32/PMC/NCB/G/Swasthe/082-83) | NA | 3,000 | 1,08,000.00 | 120 days |
| 2. | 14.2/PMC/082-83 | Procurement of Hay (Paral) in Puskarini Paropakar Gokuldham Centre, PMC (CONTRACT ID:33/PMC/NCB/G/PashuSewa/082-83) | NA | 3,000 | 75,000.00 | 120 days |
| 3. | 14.3/PMC/082-83 | Procurement and Supply of Essential Medicine for Livestock Section, PMC (Contract ID: 34/PMC/NC-B/G/Pashusewa/082-83) | NA | 3,000 | 75,000.00 | 120 days |

1. Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For NCB | January 9 2026 | 13:00 | January 23 2026 | 12:00 | January 23 2026 | 13:00 |

| Bank Name | Name of Office | Office Code No. | Revenue Account No. | Revenue Title No. | Deposit Account No. |
|---|---|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 80439201300 | 3020100301010002 | 14229 | 3020100303000002 |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (14th Amendment, 2082).
3. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding..
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer